# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २५१ | काठमाडौं | शनिबार, २६ पुस २०८२ | Prabhab National Daily | Saturday, 10 January 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००, ९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com




जनक शिक्षा सामग्री लिमिटेड भक्तपुरमा आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आवश्यक नमूना मतपत्र छाप्दै कर्मचारी।
*तस्बिरः प्रदीपराज वन्त/रासस*

# निर्वाचनको सुरक्षा चुनौती पेट्रोल बम र रसायन

■ **जेबी योञ्जन**

- नेपाली सेना र सशस्त्र प्रहरीसहित तीनवटै सुरक्षा निकायबीच एकीकृत समन्वय गर्दै गस्ती, बम डिस्पोजल टोली र जोखिम मूल्याङ्कनका आधारमा सुरक्षा तयारी तीव्र पारिएको छ।
- निर्वाचन सुरक्षालाई थप मजबुत बनाउन नेपाल प्रहरीले १ लाख ३४ हजार र सशस्त्र प्रहरीले १५ हजार निर्वाचन प्रहरी तथा करिब ४० दिनका लागि म्यादी प्रहरी परिचालन प्रक्रिया सुरू गरेका छन्।

**काठमाडौं–** आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै सुरक्षा निकायहरूले पुराना विस्फोटकभन्दा पनि नयाँ किसिमका बम र रसायन प्रयोग गर्ने प्रवृत्तिलाई मुख्य सुरक्षा चुनौतीका रूपमा औंल्याएका छन्।

गत भदौ २३ र २४ गतेको जेन-जी विद्रोहमा नेताहरूको घर, निजी तथा सरकारी भवनमा आगजनी गर्दा पेट्रोल बम र रसायन प्रयोग भएको स्मरण गर्दै आगामी निर्वाचनमा तिनै दुई वस्तु सुरक्षा दृष्टिकोणले चुनौती हुने सुरक्षा निकायहरूको विश्लेषण छ।

शुक्रबार सिंहदरबारमा बसेको राष्ट्रिय सभाअन्तर्गतको सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको बैठकमा नेपाल प्रहरीका अतिरिक्त महानिरीक्षक (एआईजी) उमाप्रसाद चतुर्वेदीले पेट्रोल बम, केमिकल तथा घरेलु विस्फोटक प्रयोग गरी आन्दोलनलाई हिंसात्मक बनाउने मानसिकता राष्ट्रिय सुरक्षाका लागि गम्भीर चुनौती रहेको बताए।

'पछिल्लो समय पेट्रोल बम बोक्ने, केमिकल बोक्ने र घरमै विस्फोट गर्ने जुन देखियो, यो सुरक्षाको दृष्टिले चुनौतीपूर्ण छ,' चतुर्वेदीले भने। तर, निर्वाचनको सुरक्षामा प्रहरी सम्पूर्ण रूपमा तयारी भएको बताए। त्यसका लागि नेपाली सेना र सशस्त्र प्रहरीसँग समन्वय गरिएको पनि उनको भनाइ छ।

'२१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनलाई सुरक्षित ढंगले सम्पन्न गर्न तीनवटै सुरक्षा निकायले भरपर्दो समन्वय गरेर जिल्ला सुरक्षा समितिमार्फत लामो तथा छोटो दुरीका गस्तीहरू हामीले निरन्तर परिचालन गरेको अवस्था छ। आपराधिक गतिविधिहरू सल्बलाउन नदिने र भागेका कैदीबन्दीहरूलाई समिति नै गठन गरेर खोजतलास गरिरहेको अवस्था छ,' चतुर्वेदी भन्छन्। नेपाली सेनाका सहायक रथी मनोज थापाले विगतका अधिकांश बारुदी सुरुङ र विस्फोटक पदार्थ नष्ट भइसकेको भए पनि पेट्रोल बम र रसायनको प्रयोग चुनौतीपूर्ण रहेको बताए।

क्रमशः पृष्ठ २ मा

# बन्दसत्रबाटै सभापति चयन गर्ने गगन–विश्वको दाउ

- १६७ सदस्यीय केन्द्रीय समितिमा महामन्त्रीद्वय, सहमहामन्त्री फरमुल्लाह मन्सुर, केन्द्रीय सदस्यहरु प्रतिमा गौतम, अजयबाबु शिवाकोटी र प्रकाश स्नेही रसाइलीमात्र विशेष महाधिवेशनको पक्षमा रहँदा एकाएक विशेष महाधिवेशनको पक्षमा माहोल
- ३६ जिल्ला सभापतिहरु विशेष महाधिवेशनको पक्षमा खुले
- ञविशेष महाधिवेशनको हलबाटै गगन वा विश्वलाई सभापति बनाउने तयारी



नेपाली कांग्रेसको विशेष महाधिवेशनका लागि काठमाडौंको भृकुटीमण्डपमा सजाइएका कांग्रेसको झण्डा।
*तस्बिरः रासस*

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली कांग्रेसको विशेष महाधिवेशन पक्षधरले बन्दसत्रबाटै नयाँ नेतृत्व चयनको दाउमा लागेको छ। पुस २७ बाट काठमाडौंको भृकुटीमण्डपमा शुरु हुने विशेष महाधिवेशनबाट जसरी भए पनि नेतृत्व फेर्ने दाउमा महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा लागेका हुन्।

महामन्त्रीद्वयले पार्टी नफुट्ने दाबी गर्दै आए पनि यो फुट् भएको संस्थापनको दाबी छ। बिहीबारमात्र महामन्त्री शर्माले पार्टी फुट्न नदिने र हलमा त्यस्तो परिस्थिति देखिए सबैभन्दा पहिले आफू निस्कने बताएका थिए। तर शर्माको भनाई काट्ने गरी अर्का महामन्त्री थापाले हलले गरेको निर्णय मान्न बाध्य हुने बताएका छन्। 'हलले जे निर्णय गर्छ, त्यही हो विशेष महाधिवेशनको गन्तव्य। जिन्दावाद भन्दै हलले नेतृत्व नै चयन गर्‍यो भने मैले मान्दिनँ भन्न मिल्दैन,' थापाले भने।

तर विशेष महाधिवेशन आयोजना भएपछि त्यसको निर्णय शर्माले नियन्त्रण गर्न नसकिने नेताहरू बताउँछन्। 'हलभित्र छिरिसकेपछि परिस्थिति अर्कै बन्छ। यसो गर, उसो गर भने पनि टेर्दैनन्। जबरजस्त नेतृत्व परिवर्तन नगरी छाड्दैन,' एक नेता भन्छन्, 'पाँच सय प्रतिनिधि आए पनि हेर्न आउने ३ हजार थपिए भिड हुन्छ। भिडलाई नियन्त्रण गर्न सकिन्न।

क्रमशः पृष्ठ २ मा

## कांग्रेसका झण्डाले सिँगारियो सडक, मञ्च बन्दै

नेपाली कांग्रेसका विशेष महाधिवेशन पक्षधरहरूले आह्वान गरेको विशेष महाधिवेशनको तयारी तीव्र पारिएको छ। उक्त महाधिवेशनको मिति दुई दिनमात्र बाँकी रहँदा काठमाडौं उपत्यकाका विभिन्न सडक पार्टीका झण्डाले सिँगारिएका छन्।

यही पुस २७ गतेदेखि सुरु हुने विशेष महाधिवेशनस्थल भृकुटीमण्डपस्थित महाधिवेशन स्थलमा मञ्च निर्माण, हल सजावटलगायतका प्राविधिक पक्षका कामहरू अघि बढाइएको आयोजक समितिले जनाएको छ। स्वयंसेवक व्यवस्थापन समितिका संयोजक मनिष कोइरालाले विशेष महाधिवेशनमा करिब एक हजार स्वयंसेवक परिचालन गरिने जानकारी दिए। 'भृकुटीमण्डपमा मुख्य मञ्च निर्माण सुरु भइसकेको छ', कोइरालाले भने।

आयोजकका अनुसार विशेष महाधिवेशनको सन्देश पार्टी कार्यकर्ता र आमनागरिकसम्म पुर्‍याउने अपेक्षा गरिएको छ। यसैगरी महाधिवेशनमा सहभागिताका लागि देशभरका जिल्लाबाट कांग्रेस कार्यकर्ता तथा शुभेच्छुकहरू काठमाडौं आउनेक्रम सुरु भएको आयोजक समितिको भनाइ छ। जनपरिचालन समितिका संयोजक जगदिश्वरनरसिंह केसीले उद्घाटन सत्रमा हजारौंको सङ्ख्यामा सहभागिता रहने जानकारी दिए।

**सन्दर्भः वैदेशिक रोजगार**

# युएईमा पुलिस रिपोर्ट प्रमाणीकरण हटाउन संघद्वारा परराष्ट्रको ध्यानाकर्षण

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** संयुक्त अरब इमिरेट्स (युएई) को भिसा प्रक्रियामा प्रहरी प्रतिवेदन प्रमाणीकरणका कारण श्रमिकमाथि आर्थिक भार परेको भन्दै नेपाल वैदेशिक रोजगार व्यवसायी संघले परराष्ट्र मन्त्रालयको ध्यानाकर्षण गराएको छ। संघको वर्तमान कार्यसमितिले नवनियुक्त परराष्ट्रमन्त्री बालानन्द शर्मालाई बधाइ तथा शुभकामना दिँदै उक्त प्रावधानका कारण श्रमिकहरू ठूलो आर्थिक भारमा परिरहेको भन्दै ध्यानाकर्षणपत्र बुझाएको छ।

हाल युएई जाने कामदारहरूको प्रहरी प्रतिवेदन भिसा फचासिलिटेसन सर्भिस (भिएफएस)मार्फत नेपालस्थित युएई दूतावासले समेत प्रमाणीकरण गर्दै आएको छ। यसका लागि श्रमिकले १४ हजार २०० शुल्क तिर्दै आएका छन्। साथमा अतिरिक्त शुल्क पनि लिने गरेको उनीहरूले बताउने गरेका छन्।

गत डिसेम्बर चार तरिखसम्म नेपाल प्रहरीले जारी गरेको क्युआर कोड भएको प्रहरी प्रतिवेदन पररष्ट्रअन्तर्गतको कन्सुलर सेवा विभागबाट प्रमाणीकरण गरेपछि भिसा जारी हुँदै आएको थियो।



त्यसपछि कुनै आधिकारिक सूचना र निर्णयविनै युएईका रोजगारदाता र अनौपचारिक क्षेत्रले कन्सुलर विभागबाट प्रमाणित प्रतिवेदनलाई पुनः नेपालस्थित युएई दूतावासबाट प्रमाणीकरण गर्नुपर्ने भन्दै भिसा रोकिएको जानकारी संघले गराएको छ। यसले युएईको वैदेशिक रोजगारीको अवस्था अत्यन्तै गम्भीर र चिन्ताजनक बनाएको संघको दाबी छ।

भेटमा संघका अध्यक्ष भुवनसिंह गुरुङले श्रमिकहरूले भिसाको सुनिश्चित नहुँदै ठूलो रकम खर्च गर्नु परेकाले यसको अन्त्य गर्न आग्रह गरेका थिए। 'कामदारहरूले भिसा लाग्ने टुंगो नहुँदै यत्रो रकम बुझाउन पर्छ। त्यो पुलिस रिपोर्टको म्याद तीन महिना हुन्छ,' गुरुङले भने, 'भिसा लागेन या तीन महिनाभन्दा बढी लाग्यो भने फेरि खर्च हुने भयो। विगतकै प्रक्रियाबाट युएई जाने वातावरण बनाउन यथाशीघ्र पहल गर्न आमव्यवसायीको माग छ।' जवाफमा मन्त्री शर्माले नेपाली कामदारको हितका लागि आवश्यक कूटनीतिक पहल अघि बढाउने आश्वासन दिएका थिए।

गत आर्थिक वर्षमा एक लाख ७७ हजार ३३ जना संस्थागत माध्यमबाट युएई गएको तथ्यांक छ। यदि १४ हजार २०० का दरले भुक्तानी गरेको अवस्थामा साढे दुई अर्बभन्दा बढी रकम पुलिस रिपोर्टको नाममा खर्च हुने संघको दाबी छ। यो व्यवस्था कार्यान्वयन भएयता १० हजारभन्दा बढी श्रमिकको प्रहरी रिपोर्टको म्याद समाप्त हुने अवस्थामा रहेकोसमेत संघले जानकारी गराएको छ। युएईमा मासिक करिब १५ हजार श्रमिक रोजगारीमा जान थालेको अवस्था छ। संघले यथाशक्य चाँडो कूटनीतिक पहलमार्फत समस्या समाधान गर्न अनुरोध गरेको छ।

क्रमशः पृष्ठ २ मा

# निर्वाचन आचारसंहिता माघ ३ बाट, सामाजिक सञ्जालमा कडाइ

- यसै हप्ता सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालक मेटा, एक्स (ट्वीटर) तथा टिकटकका प्रतिनिधिसँग संवाद भएको दुष्प्रचार रोक्न पत्राचार निर्वाचन आयोगाले जनायो
- आयोगले निर्वाचनमा सामाजिक सञ्जालबाट प्रवाह हुनसक्ने गलत, भ्रामक र नकारात्मक क्रियाकलापको निगरानी गर्ने
- मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतले पुस २८ र २९ गतेको अभिमुखीकरणमा भाग लिई माघ २ गतेदेखि आ–आफ्नो निर्वाचन क्षेत्रमा कार्यालय स्थापना गरी काम सुरू गर्ने कार्यक्रम रहेको छ



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** निर्वाचन आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारी प्रतिनिधि सभाको निर्वाचनका लागि माघ ३ गतेबाट निर्वाचन आचारसंहिता लागू हुने बताएका छन्। शुक्रबार प्रधानमन्त्री सुशीला कार्कीसँगको भेटमा भण्डारीले फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधि सभा निर्वाचनका लागि जारी हुने आचारसंहिताबारे जानकारी दिएका हुन्।

निर्वाचन आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीसहित आयुक्त र उच्चअधिकारीहरूले प्रधानमन्त्री कार्कीलाई भेटेका थिए। उक्त अवसरमा अर्थमन्त्री रामेश्वर खनाल, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुन, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिकुमार सिन्हा, मुख्यसचिवलगायत सहभागी थिए।

आयोगले निर्वाचनमा सामाजिक सञ्जालबाट प्रवाह हुनसक्ने नकारात्मक सन्देश र गतिविधिलाई नियन्त्रण गरिने जनाएको छ। शुक्रबार पत्रकार सम्मेलनमार्फत आयोगले निर्वाचनमा सामाजिक सञ्जालबाट प्रवाह हुनसक्ने गलत, भ्रामक र नकारात्मक क्रियाकलापको निगरानी गर्ने जनाएको हो।

सामाजिक सञ्जालमार्फत प्रवाह हुनसक्ने मिथ्या सूचना, दुष्प्रचार, घृणाष्पद अभिव्यक्ति, अपव्याख्या, डिप फेक (गहिरो भ्रम) झुटो साइट वा एकाउन्ट, निन्दा वा मानहानीलगायत विषयमाथि अनुगमन गरी गैरकानुनी कार्यलाई कानुनबमोजिम दण्डित गरिने प्रवक्ता नारायणप्रसाद भट्टराईले बताए। यसका लागि नियामक निकायसँग सहकार्य गर्ने नीति लिइएको भट्टराईले जानकारी दिए।

यसै हप्ता सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालक मेटा तथा टिकटकका प्रतिनिधिसँग संवाद भएको आयोगले जनाएको छ।

क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमश:

## बन्दसत्रबाटै...

भिडको निर्णय संस्थापन र शक्तिको विरुद्ध हुन्छ ।' यस्तो निर्णय जेन-जी विद्रोहमा नजिकबाट देखेको संस्थापनले पक्कै पनि यो कुरा बुझेको हुनुपर्ने नेताहरू बताउँछन् । यसैले होला संस्थापन पक्षले फरकफरक भेला र छलफल जारी राखेका छन् । यहीबीच कांग्रेस केन्द्रले थप उत्तेजित नबनोस् भन्दै कार्यवाहक सभापति पूर्णबहादुर खड्काले आयोजना गरेको पत्रकार सम्मेलन स्थगित गरे ।

यद्यपि संस्थापनले शुक्रबार नै नयाँ बानेश्वरमा आफू पक्षका केन्द्रीय सदस्यहरूसँग छलफल गरेको थियो । उक्त छलफलको निष्कर्ष भूराजनीतिक कारण कांग्रेसमा फुट हुन लागेको केन्द्रीय सदस्य गुरु बरालले बताए । 'पार्टी विभाजन र कमजोर बनाउन सक्रिय छन् । त्यसकारण पार्टी एकता र फुटबाट जोगाउन कसरी सकिन्छ भन्ने छलफल भयो,' बरालले भने, 'भूराजनीति तथा राष्ट्रिय राजनीतिका कारण कांग्रेस विभाजन हुन नदिन देश भरका साथीहरूलाई आह्वान गर्ने निर्णय भयो ।'

शुक्रबार दिउँसो भृकुटीमण्डप पुगेर ६५ प्रतिशतको सहभागितामा विशेष महाधिवेशन हुने महामन्त्री शर्माले भनेका छन् । '५४ प्रतिशतले त हस्ताक्षर गरिसक्नु भएको छ । यो बीचमा म नियमितको पक्षमा छु भन्दै २३-२४ जनाले फिर्ता लिनुभएको भन्ने छ । यो दुई दिनमा २५० भन्दा बढी थपेका छन् । २७ गतेसम्ममा पहिलेभन्दा ५०० भन्दा बढ्न सक्छ,' शर्माले भने ।

महामन्त्री शर्माले भने झैं महाधिवेशन प्रतिनिधि थपिए झन्डै तीन हजार जना विशेष महाधिवेशनमा आइपुग्छन् । यसअघि २४८७ जनाले विशेष महाधिवशेनको पक्षमा हस्ताक्षर गरेका छन् । १४औं महाधिवेशनमा ४७४३ महाधिवेशन प्रतिनिधि हुँदा पार्टी परित्याग गरेका र मृत्य भएका प्रतिनिधिहरू घटाउँदा हाल कायम ४५५६ जना छन् ।

विशेष महाधिवेशनका लागि स्थापना भएको सचिवालयको रिपोर्टअनुसार शर्माले बोलेको बताइएको छ । १६७ सदस्यीय केन्द्रीय समितिमा महामन्त्रीद्वय, सहमहामन्त्री फरमुल्लाह मन्सुर, केन्द्रीय सदस्यहरू प्रतिमा गौतम, अजयबाबु शिवाकोटी र प्रकाश स्नेही रसाइलीमात्र विशेष महाधिवेशनको पक्षमा रहँदा एकाएक विशेष महाधिवेशनको पक्षमा माहोल बनेको छ । संस्थापनका नेताहरूकै भनाई मान्ने हो भने सभापति शेरबहादुर देउवा र संस्थापनइतरका नेता डा शेखर कोइरालाकै चालाका कारण अहिले विशेष महाधिवेशनको पक्षमा नेताहरू उत्साहित भएका हुन् ।

संस्थापनले पुसका लागि ल्याएको कार्यतालिका स्थगित गरेर वैशाखमा सारेपछि जिल्ला सभापतिहरूसमेत गगन-विश्वको पक्षमा खुल्न थालेका हुन् । 'पहिले विशेष महाधिवेशन माग्दा जिल्ला सभापतिहरू खुलेका थिएनन् । अहिले खुल्न थालेका छन् । ३६ जिल्ला सभापतिहरू विशेष महाधिवेशनको पक्षमा खुलेका छन्,' संस्थापन पक्षका एक केन्द्रीय सदस्यले भने । विशेष महाधिवेशनको हस्ताक्षर संकलनमा देउवा निकट महाधिवेशन प्रतिनिधिहरूलेसमेत हस्ताक्षर गरेका छन् । उनीहरूलाई विभिन्न तहबाट हस्ताक्षर फिर्ता गर्न निर्देशन दिए पनि उनीहरूले हस्ताक्षर फिर्ता लिइरहेका छैनन् । उनीहरू 'पर्ख र हेर'को रणनीति बनाइरहेका छन् ।

देउवाले विशेष महाधिवेशनको अपनत्व लिएमा यसलाई नीति सम्मेलनको रूपमा बदलेर गगनको राजनीतिक प्रतिवेदन पारित गर्ने तयारीसमेत गगन-विश्वको देखिन्छ । यसका लागि भने गगनलाई भावी प्रधानमन्त्रीका रूपमा प्रस्तुत गर्नुपर्ने उनीहरूको माग छ । देउवाले नमानेमा पार्टी फुटतर्फ जाने निश्चित भएको नेताहरू बताउँछन् ।

■■■

## निर्वाचनका...

यसप्रति संवेदनशील हुनुपर्ने भन्दै उनले अज्ञात सूचनामा आधारित जोखिम पनि चुनौतीपूर्ण भएको उल्लेख गरे । निर्वाचन भाँड्न खोज्ने तत्वहरूले निर्वाचनको अघिपछि ठाउँठाउँमा बम विस्फोट गर्न सक्ने भन्दै त्यसतर्फ पनि सेनाले सोचेको बताए । त्यही भएर बम कतै राखेको पाइए सूचना आदानप्रदानको आधारमा बम डिस्पोजल टोली तुरुन्तै परिचालन गरिने उनले स्पष्ट पारे ।

'विगतका बारुदी सुरुङ विस्फोटक पदार्थहरू नष्ट भइसकेका छन् । तर, पेट्रोल बम र रसायनको प्रयोग हुन थालेको देखिन्छ,' उनले भने, 'यो चुनौतीपूर्ण छ तर यदि कहींकतै भेटिएको अवस्थामा सूचना आदानप्रदान पनि गर्नुपर्छ । हामी देशभर गएर खोज्ने कुरा हुँदैन तर यदि यो क्षेत्रमा छ भनेर सूचना पायौं भने हामी अगाडि बढ्न सक्छौं, किनभने हाम्रो बम डिस्पोजल टिमहरू देशभरी नै छ ।'

थापाका अनुसार निर्वाचन सुरक्षालाई ध्यानमा राख्दै संवेदनशीलताका आधारमा देशभर सानासाना टुकडीमा बम डिस्पोजल टोली परिचालन गरिएको छ । साथै, सम्भावित जोखिमयुक्त वर्ग लक्षित जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने तयारी पनि गरिएको छ ।

सशस्त्र प्रहरी बल नेपालका अतिरिक्त महानिरीक्षक गणेश ठाडा मगरले तीनवटै सुरक्षा निकायबीचको समन्वय अहिलेको सबैभन्दा बलियो पक्ष भएको दाबी गरे । उनले एकीकृत सुरक्षा योजनाअनुसार निर्वाचन सुरक्षालाई थप प्रभावकारी बनाउन नेपाल प्रहरीले एक लाख ३४ हजार र सशस्त्र प्रहरीले १५ हजार निर्वाचन प्रहरी थप परिचालन गर्ने प्रक्रिया सुरु गरिसकेको जानकारी दिए ।

'तीन वटै सुरक्षा निकायहरूले एकीकृत सुरक्षा योजनाको कार्यान्वयनमा लागेका छौं । हाम्रो शक्तिले नभ्याउने चिजलाई निर्वाचन प्रहरीमार्फत पनि गराउने भनेर बिहीबारदेखि नेपाल प्रहरीले एक लाख ३४ हजार र सशस्त्र प्रहरीले १५ हजार निर्वाचन प्रहरी थप्ने भनेर शुक्रबारदेखि प्रक्रिया शुरु भएको छ,' उनले भने, 'उनीहरूको समेत सहयोगमा योजनाअनुसार हामी परिचालित हुन्छौं ।' सरकारले निर्वाचन सुरक्षामा चुक नगर्न सुरक्षा निकायहरूलाई निर्देशन दिइसकेका छन् । निर्वाचन सुरक्षाकै लागि नेपाल प्रहरी र सशस्त्र प्रहरीले म्यादी प्रहरी भर्ना गराउँदै छन् । ४० दिनसम्मका लागि दुवै प्रहरी संगठनले म्यादी प्रहरी भर्ना गर्न लागेका हुन् ।

■■■

## युएईमा पुलिस...

गत भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनपछि सुरक्षा चुनौतीलाई कारण देखाउँदै युएईले नेपाली कामदारको भिसा रोकिदिएको थियो । त्यहाँको सरकारले औपचारिक जानकारीविनै भदौ ३० यता भिसा बन्द गरिदिएको थियो । त्यसपछि सरोकारवाला पक्षले पुलिस रिपोर्ट अनिवार्य गरेर भए पनि कामदार लैजाने प्रक्रियालाई निरन्तरता दिन अनुरोध गरेका थिए । सोही अनुरोधलाई सम्बोधन गर्दै पराष्ट्र मन्त्रालयबाट पहल भएपछि युएईले हालको व्यवस्था लागू गरेको बताइन्छ ।

दुई महिनाभन्दा बढी बन्द भएको नेपालीहरूको प्रमुख गन्तव्य युएईमा नोभेम्बर १८ तारिखबाट सरकारी तथा अर्धसरकारी क्षेत्रले भिसा दिएका थिए । यसको केही दिनपछि निजी कम्पनीहरूले पुलिस रिपोर्टसहित भिसाका लागि पेस गर्न भनेका थिए । उक्त रिपोर्ट भिएफएसमार्फत १४ हजार तिरेर प्रमाणीकरण गर्नुपर्ने भएपछि व्यवसायीहरू त्यसको विरोधमा छन् ।

■■■

## निर्वाचन...

यसका लागि मेटा, टिकटक र एक्स (ट्वीटर) लाई पत्राचार गरिएको छ । आयोगमा सूचना सम्प्रेषण तथा समन्वय केन्द्रअन्तर्गत रहेर काम गर्नेगरी सूचना सदाचार प्रवर्द्धन एकाईले कार्य प्रारम्भ गरेको आयोगले जनाएको छ । सामाजिक सञ्जाल अनुगमन सफ्टवेयरलाई प्रयोगमा ल्याइएको प्रवक्ता भट्टराईले जानकारी दिए ।

आयोगल निर्वाचनलाई सफल बनाउन यो हप्ता प्रदेश सरकार र स्थानीय तहसँग समन्वय बैठक पनि सम्पन्न गरेको छ । यसैगरी आचारसंहिता अनुगमन समितिको बैठक यो हप्ता गरेर थप काम अघि बढाइएको छ । समानुपातिक निर्वाचन प्रणालीतर्फ प्राप्त बन्द सूची रुजु गरी सम्बन्धित दललाई पत्राचार गरिएको छ । मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतहरूका लागि पुस २८ र २९ गते काठमाडौं, चितवन, विराटनगर र नेपालगञ्जमा अभिमुखीकरण तालिम सञ्चालन हुने भएको छ । तालिमका लागि मुख्य प्रशिक्षकहरू तयार गर्न प्रशिक्षक प्रशिक्षण सम्पन्न गरिएको आयोगले पत्रकार सम्मेलनमा जानकारी गराएको छ ।

आयोगले न्याय परिषद्को परामर्शमा ७७ जना जिल्ला न्यायधीशलाई मुख्य निर्वाचन अधिकृत पदमा नियुक्त गरेको छ । यसैगरी न्याय सेवा आयोगको परामर्शमा ८८ जना न्याय सेवाका राजपत्रांकित द्वितीय श्रेणीका अधिकृतलाई शुक्रबारदेखि लागू हुने गरी निर्वाचन अधिकृत पदमा नियुक्ति गरेको छ ।

मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतले पुस २८ र २९ गतेको अभिमुखीकरणमा भाग लिई माघ २ गतेदेखि आ-आफ्नो निर्वाचन क्षेत्रमा कार्यालय स्थापना गरी काम सुरु गर्ने कार्यक्रम रहेको छ । यसैबीच, आयोगले नमूना मतपत्र छपाइ सम्पन्न गरेको छ । प्रत्यक्ष र समानुपातिकतर्फ गरी १० लाख नमूना मतपत्र छपाइ सम्पन्न गरिएको हो । मतदाता नामावली र समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु गरिएको छ ।

### मतदाता विवरण १० हजार तिरेर लिन सकिने

निर्वाचन आयोगले कुनै राजनीतिक दललाई देशभरका मतदाताको विवरण आवश्यक परेको खण्डमा निश्चित शुल्क तिरेर उपलब्ध गराउने व्यवस्था गरेको छ ।

आयोगले तयार पारेको प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिकाअनुसार देशभरका मतदाता नामावलीका लागि रु १० हजार तिरेर लिन सकिनेछ । त्यसका लागि आयोगमा निर्वाचन प्रयोजनका लागि दर्ता भएका दललाई दलको औपचारिकपत्रको आधारमा उपलब्ध गराइने व्यवस्था गरिएको छ । आयोगले मतदाताको जन्ममिति, नागरिकता नम्बर र मोबाइल नम्बरबाहेकको विवरण विद्युतीय रूपमा उपलब्ध गराउनेछ ।

आयोगले हार्डड्राइभ वा पेनड्राइभमा त्यस्तो विवरण उपलब्ध गराउनेछ । एउटा प्रदेशको मात्र विवरण चाहिएको खण्डमा पाँच हजार तिरेर लिन सकिनेछ । निर्वाचन अधिकृतले कुनै मतदाता, दलको प्रतिनिधि वा उम्मेदवारले मतदाता नामावली हेर्न वा आफ्नै खर्चमा सार्न चाहेमा मतदाता नामावली च्यात्न, बिगार्न वा केरमेट गर्न नपाउनेगरी हेर्न वा सार्न दिनुपर्नेछ ।

फोटोसहितको मतदाता नामावली सम्बन्धित मतदाताले र फोटोबाहेकको मतदाता नामावली जोसुकैले हेर्नसक्ने कुराको जानकारी मतदाता, दल र उम्मेदवारलाई दिनुपर्नेछ । कुनै मतदाताले आफ्नो मतदाता नामावली लिन चाहेमा निर्वाचन कार्यालयले १० हजार शुल्क लिई त्यस्तो मतदाताको मात्र विवरण आउनेगरी मतदाता नामावलीको प्रतिलिपि उपलब्ध गराउनुपर्नेछ ।

यस्तै, आयोगमा दर्ता भएका राजनीतिक दललाई त्यस्तो दलको पत्रको आधारमा र स्वतन्त्र उम्मेदवारलाई निजको निवेदनका आधारमा निर्वाचन कार्यालयले देहायबमोजिमको दस्तुर लिई जन्ममिति, नागरिकता नम्बर तथा मोबाइल नम्बरबाहेकको मतदाता नामावलीको विद्युतीय रूपमा उपलब्ध गराउनुपर्नेछ । त्यसका लागि जिल्लाभरको मतदाता नामावलीका लागि रु तीन हजार र निर्वाचनको कुनै एक निर्वाचन क्षेत्रका मतदाता नामावलीका लागि रु तीन हजार लिनुपर्नेछ । त्यस्तो विवरण उपलब्ध गराउँदा मतदाताको जन्ममिति, मोबाइल नम्बर र नागरिकताको विवरण भने दिन पाइनेछैन ।


**बोलपत्रद्वारा वनपैदावार लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित सूचना मिति २०८२।०९।२६**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१/०८२ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान ९४ को १४९५.३५ घनफिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**ब्रम्हाठाकुर सामुदायिक वन उपभोक्ता समूह, बकैया- ४, मकवानपुर**



**बहराइनमा रोजगार** कम्पनी : RAHAL PERFUMES W.L.L

पूर्व स्वीकृति मिति : २०८२/०९/२४ LT. No. 336338 चलानी नं. ६०२५०३५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Salesman | 5 | 0 | 120 | ४५,८६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ ३ गते (17th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Chinari Overseas Pvt. Ltd.
Dhumbarahi, Kathmandu, Nepal, Tel : +977-1-4372922/ 4376922, E-mail : chinarioverseas@gmail.com Website :chinarioverseas.com
Govt. License 1165/073/074



**युएइमा रोजगार** कम्पनी : SALESBURY LANDSCAPING L.LC

पूर्व स्वीकृति मिति : २०८२/०५/१३ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/२५ LT. No. 330329 चलानी नं. ६०२४४१०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agricultural Worker/animal Farm Worker | 7 | 0 | 1200 | ५३,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Brick Mason/plaster Worker | 8 | 0 | 1500 | ७१,०७० | | | | | | | |
| 3. | Cleaners (Male) | 8 | 0 | 1000 | ४२,६४५ | | | | | | | |
| 4. | Electrician | 8 | 0 | 1500 | ५३,३०५ | | | | | | | |
| 5. | Gardener | 10 | 0 | 1200 | ६३,९६५ | | | | | | | |
| 6. | Horticulture | 8 | 0 | 1500 | ४२,६४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ ३ गते (17th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



Nile International Manpower Agency Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4599491, 4578036, Email : nileintl@wlink.com.np/ nileintl1@gmail.com/nileintl2008@yahoo.com Website: www.nilegroupofcompanies.com
श्रम इजाजत नं. ८२०/०६६/०६७



**कतारमा रोजगार** कम्पनी : MELAKA CLEANING AND HOSPITALITY

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/२५ LT. No. 331943 चलानी नं. ६०२४५६७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 1 | 0 | 1400 | ५५,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Ground Steward (Male) | 1 | 0 | 1000 | ३९,३२५ | | | | | | | |
| 3 | Ground Steward (Female) | 0 | 3 | 1000 | ३९,३२५ | | | | | | | |
| 4 | Dry Cleaning Worker | 0 | 1 | 1000 | ३९,३२५ | | | | | | | |
| 5 | Cleaners (Male) | 4 | 0 | 1000 | ३९,३२५ | | | | | | | |
| 6 | Bell Man | 4 | 0 | 1000 | ३९,३२५ | | | | | | | |

कम्पनी : MELAKA CONTRACTING AND SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/२५ LT. No. 331945 चलानी नं. ६०२४५६८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plumber | 1 | 0 | 1200 | ४७,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | PLASTER WORKER (MASON) | 2 | 0 | 1200 | ४७,१९० | | | | | | | |
| 3 | Carpenter | 1 | 0 | 1200 | ४७,१९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ ३ गते (17th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



ABC PLACEMENTS PVT. LTD
LIC 537/061/62
Gaushala-9, Kathmandu, Nepal, Tel : 977-1-4582340,
Email : infoabcplacement@gmail.com, info@abcplacement.com, Website: www.abcplacement.com



**मलेसियामा रोजगार** कम्पनी : SUEZ TOP VENTURES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०९/२५ LT. No. 337014 चलानी नं. ६०२५०४१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Resturant Worker | 400 | 0 | 1700 | ६०,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : AFTERMEAL CAFE SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०९/२५ LT. No. 336908 चलानी नं. ६०२५०४१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 68 | 0 | 1700 | ६०,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : 10 GRAM GOURMET SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०९/२५ LT. No. 336906 चलानी नं. ६०२५०४१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Resturant Worker | 20 | 0 | 1700 | ६०,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : IPOH YAT YAT SENG SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०९/२५ LT. No. 336905 चलानी नं. ६०२५०४१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 25 | 0 | 1700 | ६०,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : HEE LAI TON RESTAURANT SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०९/२५ LT. No. 336906 चलानी नं. ६०२५०४०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 11 | 0 | 1700 | ६०,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ ३/४/५ गते (17/18/19 Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



All Skills International Human Resource Pvt.ltd.
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542, +977 986-9422479
E-Mail : allskillsintl@gmail.com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com
श्रम इजाजत नं ९५७/०६७/०६८


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२**
Email: dhruvswamig@gmail.com

**शनिबार, २६ पुस, २०८२**

| | |
|---|---|
| **मेष** | उपलब्धिमूलक, सानो प्रयत्नेल काम बन्ने । |
| **वृष** | चुनौति भएतापनि उपलब्धि प्राप्त हुनेछ । |
| **मिथुन** | महत्त्वकांक्षाले समस्या निम्तन सक्नेछ । |
| **कर्कट** | कमजोरीले आर्थिक असन्तुलन बन्न सक्छ । |
| **सिंह** | रोकिएका काम बन्ने, आयस्रोत बढ्नेछ । |
| **कन्या** | अवसर प्राप्त भएपनि मिहिनेत गनुपर्नेछ । |
| **तुला** | उतारचढावमा समय व्यतित हुनेछ । |
| **वृश्चिक** | प्रतिष्ठत व्यत्तिबाट सहयोग । |
| **धनु** | विषेश काम, रोकिएका काम बन्नेछ । |
| **मकर** | सामान्य फलदायी, परिस्थितिसँग सम्झौता । |
| **कुम्भ** | बाधा-व्यावधान, राकम र श्रम खर्च हुनेछ । |
| **मीन** | उतारचढाव, असहजर परिस्थिति हुनसक्ने । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२६ पुस, २०८२ (१० जनवरी, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४४.०२ | १४४.६२ |
| युरो | १ को | १६८.७९ | १६९.४९ |
| पाउन्ड स्टर्लिङ | १ को | १९३.८५ | १९४.६६ |
| स्विस फ्रैन्क | १ को | १८१.७७ | १८२.५३ |
| अस्ट्रेलियन डलर | १ को | ९६.४० | ९६.८० |
| क्यानाडियन डलर | १ को | १०४.९१ | १०५.३४ |
| सिङ्गापुर डलर | १ को | १११.९६ | ११२.४३ |
| जापानी येन | १० को | ९.१८ | ९.२२ |
| चिनियाँ युआन | १ को | २०.५९ | २०.६८ |
| साउदी अरब रियाल | १ को | ३८.४० | ३८.५६ |
| कतारी रियाल | १ को | ३९.४० | ३९.५७ |
| थाई भाट | ख १ को | ४.५७ | ४.५९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३९.२१ | ३९.३८ |
| मलेसियन रिङेट | १ को | ३५.५३ | ३५.६७ |
| दक्षिण कोरियन वन | १०० को | ९.९८ | १०.०३ |
| स्विडिस क्रोनर | १ को | १५.६२ | १५.६८ |
| डेनिस क्रोनर | १ को | २२.६० | २२.६९ |
| हङकङ डलर | १ को | १८.४८ | १८.५६ |
| कुवेती दिनार | १ को | ४६८.४६ | ४७०.४२ |
| बहराइन दिनार | १ को | ३८२.०२ | ३८३.६१ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**निर्वाचन प्रहरी भर्ना** | फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि निर्वाचन प्रहरीको भर्ना खोलेपछि आवेदन दिन जिल्ला प्रहरी कार्यालय सुनसरीमा शुक्रबार लामबद्ध युवा ।
*तस्बिरः नवीन गड्तौला/रासस*

# बाघ गणनामा राखिएका सातवटा क्यामरामा क्षति

**चितवन–** चितवन राष्ट्रिय निकुञ्जमा बाघ गणनाका लागि राखिएका सातवटा क्यामरामा क्षति पुगेको छ । पुस ३ गतेदेखि सुरु गरिएको बाघ गणनाका क्रममा राखिएका पाँच क्यामरा हराएका छन् भने दुई क्यामरा हात्तीले फुटाएको हो ।

निकुञ्जका सूचना अधिकारी अविनास थापा मगरका अनुसार बाघ गणनामा राखिएका क्यामरामध्ये तीन थुम्सी क्षेत्रमा र दुईवटा तमासपुर क्षेत्रमा राखिएका क्यामरा हराएका हुन् । टाइगर टप्स क्षेत्रमा रहेका दुई क्यामरा हात्तीले फुटाएको उनले बताए । करिब २८६ ग्रिडमा क्यामरा राखेर बाघ गणना गरिएको थियो ।

मगरका अनुसार पहिलो भागको गणनाको काम सकेर क्यामरा उठाउने क्रममा तीन स्थानमा राखिएका क्यामरा हराएको र हात्तीले क्षति पुर्‍याएको हो । चितवन र पर्सा राष्ट्रिय निकुञ्जलाई एउटा ब्लक बनाएर बाघ गणना सुरु गरिएको छ । उनका अनुसार त्रिवेणी, अमलटारी, कसरा हुँदै बरणडाभार क्षेत्रलाई पहिलो भाग बनाएर गणना गरिएको थियो ।

अहिले दोस्रो भागमा बाघ गणनाको कार्य सुरु गरिएको छ । दोस्रो भागमा १३ वटा क्याम्प बनाएर गणकहरू खटिएका छन् । यस भागअन्तर्गत सौराहा, खगेन्द्रमल्ली हुँदै लोथर प्रतापपुर र हर्दासम्म, बोटे सिमारा, स्वमेश्वर, बगई, अम्बुवा हुँदै सिकारी बाससम्मको क्षेत्रमा क्यामरा जडान गरेर गणना गरिएको छ । सो भागलाई ३३६ ग्रिडमा विभाजन गरेर बाघ गणना गरिएको छ । गणनामा १५० गणक खटिएका छन् । थापाका अनुसार एउटा भागमा दुई साता क्यामरा राखेर बाघ गणना गरिने छ ।

चितवन-पर्सा ब्लकमा ९५८ ग्रिड बनाएर बाघ गणना गरिँदै छ । यसअघि सन् २०२२ मा गरिएको बाघ गणनामा नेपालमा ३५५ वयस्क बाघ रहेको तथ्यांक सार्वजनिक भएको थियो । सो गणनामा चितवनमा १२८, बर्दिया निकुञ्जमा १२५, बाँके निकुञ्जमा २५, पर्सामा ४१ र शुक्लाफाँटामा ३६ बाघ भेटिएका थिए । *रासस*

# धर्म, संस्कृति र चाडपर्वका विषयलाई सरकारी संयन्त्रबाटै नियमन गर्न माग

**काठमाडौं–** धर्म, संस्कृति र चाडपर्वका विषयलाई सरकारी संयन्त्रबाटै नियमित एवं व्यवस्थित गरेर शास्त्रीय आधारमा मर्यादित रूपमा अघि बढाउनुपर्नेमा जोड दिइएको छ । नेपाल ज्योतिष परिषद्को २८औं स्थापना दिवस कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नेपाल पञ्चांग निर्णायक विकास समितिका अध्यक्ष प्रा. शम्भुप्रसाद ढकालले धर्म, संस्कृति र चाड पर्वका विषयलाई व्यवस्थित गर्न कानुनले व्यवस्था गरेबमोजिम काम भइरहेको बताए ।

पात्रो प्रकाशनकै सिद्धान्त बदल्न पनि बृहत् छलफल गरेर अघि बढ्नुपर्ने पक्षमा आफू रहेको जानकारी उनले गराए । 'केतकी गणना पद्धति आएको २०० वर्ष पनि भएको छैन, प्राचीनकालदेखि नै सूर्य सिद्धान्तका आधारमा पात्रोको गणना भएको छ, यस विषयमा व्यापक बहस आवश्यक छ,' अध्यक्ष ढकालले भने ।

परिषद्का संस्थापक अध्यक्ष लोकराज पौडेलले समितिका यसअघिका अध्यक्ष प्रा. श्रीकृष्ण अधिकारीका पालामा सात ग्रह केतकी गणना पद्धतिका आधारमा पञ्चांगमा राखिएको उल्लेख गर्दै बाँकी दुई ग्रहलाई पनि त्यसैअनुसार व्यवस्थित गरिनुपर्नेमा जोड दिए । आकाशमा एउटा ग्रह अवस्था र पात्रोमा अर्को अवस्था देखिन नहुने उनको भनाइ थियो ।

समितिका पूर्वअध्यक्ष अधिकारीले नेपाल र भारतको देशान्तर एवं अक्षांश नै फरक हुने भएकाले त्यसका आधारमा गणित गर्दा तिथिमिति तथा चाडपर्वमा एक दिन यताउता हुनसक्ने बताए । नेपाल र भारतमा वेदका शाखा, सूत्र पनि फरक मानिने गरेकाले त्यसका आधारमा पनि चाडपर्वमा फरक पर्ने उनको भनाइ थियो ।

समितिका कार्यकारी निर्देशक आचार्य लक्ष्मण पन्थीले वि.सं. २०८३ को पात्रोमा राखिने नेवारी समुदायका चाडपर्वको निर्णय गर्न शुक्रबार सो समुदायका सरोकार भएकासँग छलफल गरिएको जानकारी दिए । समितिका पूर्वकार्यकारी निर्देशक सूर्यप्रसाद ढुंगेलले आकाशसँग नमिल्ने पात्रोको धर्मशास्त्रविद्ले विरोध गर्नुपर्ने बताए । आकाशसँग नमिल्ने पात्रोका आधारमा चाडपर्व र तिथि मिति मनाउँदा त्यसको फल नपाइने भएकाले धर्मशास्त्रविद्ले यसको विरोध गर्नुपर्ने उनको भनाइ थियो ।

कार्यक्रममा वाल्मीकि विद्यापीठ ज्योतिष विषयका सहप्राध्यापक डा पुरुषोत्तम भट्टराईले पात्रो गणना विधि एवं ज्योतिष विषयमा थाहा नभएकाले पनि गणना पद्धतिका बारेमा सामाजिक सञ्जालमा लेख्ने गरेको उल्लेख गर्दै त्यस विषयमा जानकारी नभएकाले लेखेको कुरा पढेर आममानिसलाई भ्रम हुने गरेको बताए । यस्तो क्रमलाई रोक्न लाग्नुपर्ने उनको भनाइ थियो ।

समितिका सदस्यद्वय प्रा.डा. देवमणि भट्टराई र रतिदेवी जोशी श्रेष्ठ, वाल्मीकि विद्यापीठका उपप्राध्यापक शान्तरत्न बज्राचार्यलगायतले ज्योतिष क्षेत्रलाई थप व्यवस्थित गर्न सरकारी निकायले नियमन गर्नुपर्नेमा जोड दिए । कालाग्नि रुद्र भगवान् लड्केश्वर धाम काभ्रेपलाञ्चोकका पीठाधीश मुकुन्द शर्मा हुमागाईंले आकाशमा ग्रह जुन अवस्थामा छन्, त्यसैअनुरूपको पात्रो (पञ्चांग) गणनाका लागि नेपालमा वेधशालाको स्थापना गरिनुपर्नेमा जोड दिए । त्यसका लागि अर्बौं रूपैयाँ लाग्ने भए पनि सहयोग जुटाउन लागिपर्ने संकल्प गर्न आफू तयार रहेको घोषणा गरे । *रासस*


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४/०७/३० मा दर्ता भएको **प्रा. लि. नं. १७८४१२** को **एस. पि. यू. कन्स्ट्रक्सन सर्भिस प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०९/२५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम विशेष दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनी दर्ता खारेज गरिएको
**सूचना**

यस कार्यालयमा मिति २०७५-१२-२५ मा दर्ता भएको प्रा.लि.नं २१२६४४ को हिडेन एडभेन्चर प्राइभेट लिमिटेड नामक कम्पनी यस कार्यालयको मिति २०८२-०९-२४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**बोलपत्रद्वारा वनपैदावार लिलाम बिक्री सम्बन्धी सूचना**
**प्रथम पटक प्रकाशित सूचना मिति २०८२।०९।२६**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१/०८२ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान १४४ को १९५४.५८ घनफिट काठ र साल जातको दाउरा १.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**जनप्रिय सामुदायिक वन उपभोक्ता समूह, बागमती- ३, मकवानपुर**


# आदिवासी जनजातिका लागि नि:शुल्क लोकसेवा कक्षा सञ्चालन




■ प्रभाव संवाददाता

**काठमाडौं–** आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले लोकसेवा परीक्षा तयारीका लागि शाखा अधिकृत र नायब सुब्बा लक्षित नि:शुल्क अनलाइन कक्षा सञ्चालनमा ल्याएको छ । शुक्रबार उद्घाटन कार्यक्रममा प्रतिष्ठानका सदस्यसचिव ज्ञानेन्द्र पुनले प्रतिष्ठानले हाल सातै प्रदेशमा अभिमुखीकरण तालिम सञ्चालन गरिरहेको जानकारी दिए । उनले आदिवासी जनजाति समुदायका युवालाई लोकसेवा परीक्षामा प्रतिस्पर्धी बनाउने उद्देश्यले यस प्रकारका लक्षित कार्यक्रम सञ्चालन गरिएको बताए ।

प्रतिष्ठानका उपाध्यक्ष केशव गुरुङले प्रतिष्ठानले आदिवासी जनजातिको हकहित संरक्षण र सशक्तीकरणमा निरन्तर काम गर्दै आएको उल्लेख गरे । 'हामीले लिएको लक्ष्यलाई सहीरूपमा उपयोग गरे देशका लागि सुयोग्य र सक्षम राष्ट्रसेवक कर्मचारी उत्पादन गर्न सकिन्छ,' उनले भने ।

लोकसेवा आयोगका पूर्वअध्यक्ष उमेश मैनालीले लोकसेवा आयोग नेपालको पहिलो लोकतान्त्रिक संस्था भएको बताउँदै आयोगमा कुनै पनि प्रकारको धाँधली नहुने स्पष्ट पारे । उनले लोक सेवामार्फत तलब खाएर राष्ट्रको सेवा गर्न पाउनु गौरवको विषय भएको धारणा व्यक्त गरे ।

प्रतिष्ठानका अनुसार कक्षा कार्यक्रमअन्तर्गत शाखा अधिकृतका लागि १६० दिन र नायब सुब्बाका लागि ११५ दिनको तयारी कक्षा सञ्चालन गरिने छ । प्रतिष्ठानले नेटवर्क एजुकेसन एकेडेमीको सहकार्यमा कक्षा सञ्चालन गर्न लागेको हो । यस कार्यक्रमबाट देशभरका दुई हजारभन्दा बढी विद्यार्थी लाभान्वित हुने अपेक्षा गरिएको छ ।


**साउदीमा रोजगार** कम्पनी : MASAH ART FOUNDATION
पूर्व स्वीकृति मिति : २०८२/०६/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/२५ | LT. No. 332071 | चलानी नं. ६०२४६०८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Roof Cleaners | 2 | 0 | 1200 | ४६,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ ३ गते (17th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

**साउदीमा रोजगार** कम्पनी : RAMMAN OPERATION AND MAINTENANCE ESTABLISHMENT
पूर्व स्वीकृति मिति : २०८२/०९/२४ | LT. No. 336802 | चलानी नं. ६०२५०३९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loader & Unloader | 10 | 0 | 1000 | ३८,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ ३ गते (17th Jan. 2026) मा हुनेछ ।

उनले अहिले छलफलमा रहेको चलचित्र विधेयक राष्ट्रियसभाबाट प्रमाणीकरण भएर ऐन बनेपछि केन्द्रीय चलचित्र जाँच समिति (सेन्सर बोर्ड) को नाम परिवर्तन भएर प्रमाणीकरण समिति हुने र त्यसको अध्यक्षका रूपमा चलचित्र विज्ञ रहने जानकारी दिए।

'प्रमाणीकरण समिति भएपछि त्यहाँ चलचित्र क्षेत्रकै विज्ञले अध्यक्षता गर्नुहुन्छ र त्यहाँ रहने सदस्यमा चलचित्रकर्मीकै बहुमत हुन्छ। अहिले जस्तो मन्त्रालयका व्यक्तिले अध्यक्षता गर्नुहुँदैन। रष्ट्रियसभाले पारित गरी कानुन बनेर कार्यान्वयनमा आएपछि निर्वाचित भएर प्रतिनिधिसभामा आउने सांसदले त्यसलाई पारित गर्नुहुनेछ भन्ने विश्वास छ। नयाँ बन्ने ऐनले चलचित्र क्षेत्रका समस्यालाई न्यूनीकरण गर्नुका साथै ऊर्जा थप्नेमा विश्वस्त छु', मन्त्री खरेलले भने।

कार्यक्रममा कलाकार सुनिल थापालाई विशिष्ट चलचित्रकर्मीको परिचयपत्र प्रदान गरिएको थियो। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्यालले बोर्डमार्फत चलचित्रकर्मीको समस्या र सुझावलाई मन्त्रालयले मूल्यांकन गरी आवश्यकता अनुसार कार्यन्वयन गर्दै आएको बताए।

'हामीले प्रस्तावित चलचित्र विधेयकमा छलफल गरेका छौँ। सोही कारण अब बन्ने ऐन आगामी २०-२५ वर्षसम्मका लागि चलचित्रकर्मीको हितमा रहनेछ भन्ने हाम्रो विश्वास छ। त्यसमा आवश्यक संशोधन गर्दै अगाडि बढ्ने छौँ। हामीले विधेयक प्रविधिमैत्री होस् भनेर छलफल गरेका छौँ', सचिव अर्यालले भने। सरकारले चलचित्र प्रशिक्षण केन्द्रको स्थापना गरेर चलचित्रमा लाग्न चाहनेलाई सिक्ने अवसर प्रदान गर्ने उनले जानकारी दिए।

चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले चलचित्रकर्मीको आवश्यकतालाई मध्यनजर गर्दै बोर्डले प्रशिक्षणलाई लक्षित गर्दै ११ वटा कार्यक्रम आयोजना गर्ने तयारी गरिरहेको जानकारी दिए। उक्त कार्यक्रममा बोर्डका पूर्वअध्यक्ष कृष्ण मल्ल, निर्देशक आकाश अधिकारी, पुर्नेन्दु झा, लक्ष्मण सुवेदी, कलाकार मोहन निरौला, रवीन्द्रसिंह बानियाँ, नाजिर हुसेनलगायतको उपस्थिति थियो।



नवौं शेरबहादुर खड्का स्मृति राष्ट्रिय महिला भलिबल

# उपाधिका लागि भिड्दै न्यू डायमण्ड र पुलिस



■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय महिला भलिबल प्रतियोगितामा फाइनल पुगिसकेको न्यू डायमन्ड युथ स्पोर्टस क्लबले विभागीय टोली नेपाल पुलिस क्लबलाई पराजित गरेको छ। यी दुई टीमबीच उपाधिका लागि आज (शनिबार) भिडन्त हुँदैछ।

त्यसअघि लिग चरणको अन्तिम खेलमा यी दुईटिमले शुक्रबार भिडेका थिए।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) कभर्डहलमा शुक्रबार सम्पन्न खेलमा न्यू डायमन्डले फाइनलमा भिड्ने तय भइसकेको पुलिसलाई ३-२ को सेटमा पाखा लगाएको हो।

न्यू डायमन्डले खेलको सुरुआतदेखि नै पुलिसलाई दबाबमा राखेको थियो। उसले सुरुका दुई सेट २५-१४ र २५-१९ ले आफ्नो बनायो। तर, त्यसपछिका दुई सेटमा भने पुलिसले बलियो पुनरागमन गर्‍यो। तेस्रो सेट पुलिसले २५-२० ले आफ्नो बनायो। रोमाञ्चक बनेको चौथो सेटमा भने पुलिसले खेल २९-२७ ले आफ्नो पक्षमा पार्दै पाँचौं सेटसम्म पुऱ्यायो।

अन्तिम तथा पाँचौं सेट भने १५-१० को जित निकाल्दै न्यू डायमन्डले अंक खोसेको हो।

त्यसैगरी दोस्रो खेलमा त्रिभुवन आर्मीले सशस्त्र प्रहरी क्लबलाई ३-१ ले पराजित गरेको छ। यससँगै सशस्त्र प्रतियोगितामा अन्तिम स्थानमा रह्यो भने आर्मी तेस्रो स्थान प्राप्त गर्‍यो।

# नेपाली महिला क्रिकेट टोली स्कटल्यान्डसँग पराजित

■ प्रभाव संवाददाता



**काठमाडौं –** आइसिसी महिला टी-२० विश्वकप ग्लोबल छनोटको तयारीमा रहेको नेपाल अभ्यास खेलमा स्कटल्यान्डसँग पराजित भएको छ।

कीर्तिपुरस्थित त्रिवि मैदानमा शुक्रबार भएको खेलमा नेपाल स्कटल्यान्डसँग २७ रनले पराजित भएको हो। स्कटल्यान्डले दिएको १८४ रनको बलियो लक्ष्य पछ्याएको नेपाल निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १५६ रनमा समेटियो।

नेपालका लागि सम्झना खड्काले सर्वाधिक अविजित ५२ रन बनाइन्। त्यसैगरी कविता कुँवरले अविजित २९ रन जोड्दा कप्तान इन्दु बर्माले २८ तथा कविता जोशीले २२ रन बनाइन्।

स्कटल्यान्डका लागि डार्शी कार्टरले तीन विकेट लिइन् भने क्याथरिन ब्रिस, ओलिभिया बेल र चोल अबेलले समान एक/एक विकेट लिए।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको स्कटल्यान्डले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १८३ रनको योगफल बनाएको थियो। उसका लागि क्याथरिन ब्रिसले २८ बलमा अविजित ६२ रन बनाइन्। त्यस्तै प्रियानाज चटर्जीले अविजित ४० रन बनाइन्।

नेपालका लागि रुबिना क्षेत्री र कविता कुँवरले समान दुई/दुई विकेट लिइन् भने रिया शर्मा र रचना चौधरीले समान एक/एक विकेट लिए।

# यु-१६ मा रिजन र अर्सना च्याम्पियन

■ प्रभाव संवाददाता



**काठमाडौं–** वडा १६ का रिजन शाक्य र वडा १७ की अर्सना महर्जनले सातौं मेयर कप ललितपुर महानगरपालिका अन्तर वडा टेबलटेनिस प्रतियोगिताको यु-१६ सिंगल्समा शुक्रबार स्वर्ण जितेका छन्।

रिजन ब्वाइज तथा अर्सना गर्ल्समा पहिलो भएका हुन्। ब्वाइज सिंगल्स फाइनलमा रिजनले वडा २० का संस्कार श्रेष्ठलाई ११-३, ११-५ र ११-७ को सोझो सेटमा पराजित गरे। वडा १६ का स्वर्णिम शाक्य शाक्य र वडा ९ को सोयम महर्जन तेस्रो बने।

गर्ल्सको उपाधि भिडन्तमा अर्सनाले वडा २० की पमिला जोशीलाई सिधा सेटमा ११-९, ११-५ र ११-७ ले हराइन्। ललितपुर महानगरपालिकाको कनिबहालस्थित आयोजक वडा ६ को हातामा भइरहेको प्रतियोगिताको पुरुष खुला सिंगल्सको 'बी' क्याटगोरीमा वडा २० का इरिस शाक्य पहिलो भए।

उनले फाइनलमा वडा ६ का अनुज शाक्यलाई १२-१०, ११-५, ८-११ र ११-५ ले पाखा लगाए। भेट्रान ४० वर्षमाथि पुरुष सिंगल्सको फाइनलमा वडा ९ का मुकेश महर्जनले वडा ११ का राजिप वज्राचार्यलाई ११-७, १३-११ र ११-२ को सोझो सेटमा पन्छाए।

# गाजामा इजरायली आक्रमण पाँच बालबालिकासहित १३ जनाको मृत्यु



**गाजा–** युद्धविरामको बावजुद गाजामा भएको इजरायली आक्रमणमा पाँच बालबालिकासहित कम्तीमा १३ जनाको ज्यान गएको गाजाको नागरिक सुरक्षा एजेन्सीले बताएको छ ।

एजेन्सीका प्रवक्ता महमुद बासलाई उद्धृत गर्दै एएफपीले दक्षिणी गाजामा विस्थापित मानिसहरूको शिविरमा ड्रोन प्रहार गर्दा तीन बालकसहित चार जनाको मृत्यु भएको जनाएको छ । गाजा पट्टीको उत्तरमा, जबालिया शरणार्थी शिविर नजिकै एक जना र एक विद्यालयमा भएको आक्रमणमा एक जना र दक्षिण खान युनुस नजिकै भएकोको ड्रोन आक्रमणले एक व्यक्तिको ज्यान लिएको एजेन्सीले जनाएको छ ।

हमास प्राधिकरणअन्तर्गत सञ्चालन गर्ने एजेन्सीले अन्य आक्रमणमा एक बालकसहित दुई जना गाजानहरूको मृत्यु भएको जनाएको छ । बिहीबार गाजा सहरको पूर्वी क्षेत्रको एक घरलाई लक्षित गरी गरिएको इजरायली हवाई आक्रमणमा थप चार जनाको मृत्यु भएको उल्लेख गर्दै बासलले बेपत्ता भएका धेरै मानिसहरूको खोजी तथा उद्धार कार्य सुरु भएको जनाएका छन् ।

गाजा पट्टीमा युद्धविराम सम्झौताको उल्लंघन गरी गरिएको पछिल्लो इजरायली आक्रमणमा मृत्यु हुनेको संख्या १३ पुगेको बासलले बताएका छन् । इजरायली सेनाले शुक्रबार विज्ञप्ति जारी गर्दै प्रतिक्रियामा 'दक्षिणी र उत्तरी गाजा पट्टीमा हमास आतंकवादीहरू र आतंककारी पूर्वाधारमा प्रहार गरेको बताएको छ ।

गाजा पट्टीबाट प्रक्षेपण गरिएको क्षेप्यास्त्र युद्धविराम सम्झौताको उल्लंघन भएको विज्ञप्तिमा उल्लेख गरिएको छ । अक्टोबर १० देखि गाजामा अमेरिकी प्रस्तावको युद्धविरामले इजरायली सेना र हमासबीचको लडाइँलाई धेरै हदसम्म रोकेको छ, तर दुवै पक्षले बारम्बार उल्लंघन गरेको आरोप लगाएका छन् । हमासका प्रवक्ता हाजेम कासिमले बिहीबार गाजामा भएको आक्रमणले 'इजरायली कब्जाले युद्धविरामप्रति आफ्नो प्रतिबद्धता त्यागेको पुष्टि गरेको' एएफपीले जनाएको छ ।

गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार इजरायली सेनाले युद्धविराम लागू भएदेखि गाजामा कम्तीमा ४२५ जना प्यालेस्टिनीको हत्या गरेको छ । नोभेम्बर-२२ मा भएको इजरायली आक्रमणमा कम्तीमा २१ जनाको मृत्यु भएको थियो, भने इजरायली सेनाले यसै अवधिमा आतंकवादीहरूले आफ्ना तीन जना सैनिकको हत्या गरेको बताएको छ । *रासस/एएफपी*

# राष्ट्रसंघका निकायबाट बाहिरिने अमेरिकी निर्णयप्रति राष्ट्रसंघीय प्रमुख चिन्तित



**न्युयोर्क–** संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले संयुक्त राष्ट्रसंघका विभिन्न निकाय र कार्यालयबाट अमेरिका बाहिरिने ह्वाइट हाउसको घोषणामाथि खेद जनाउदै चिन्ता व्यक्त गरेका छन् ।

विज्ञप्ति जारी गर्दै संयुक्त राष्ट्रसंघका प्रवक्ता स्टेफन डुजारिकले महासभाले स्वीकृत गरेको संयुक्त राष्ट्रसंघको नियमित बजेट र शान्तिरक्षा बजेटमा मूल्यांकन गरिएको योगदान संयुक्त राष्ट्रसंघको बडापत्रअन्तर्गत संयुक्त राज्य अमेरिकासहित सबै सदस्य राष्ट्रका लागि कानुनी दायित्व रहेको बताएका छन् । उनले संयुक्त राष्ट्रका सबै निकायहरूले सदस्य राष्ट्रहरूले उनीहरूलाई दिएको जनादेशको पालना जारी राख्न, संगठनको काममा निर्भर रहेका विश्वभरका मानिसहरूको सेवा गर्ने जिम्मेवारी र दृढ संकल्पका साथ गर्ने कुरामा जोड दिएका छन् ।

संयुक्त राज्य अमेरिकाले संयुक्त राष्ट्रका ३१ वटा एजेन्सी र कार्यालयहरूसहित दर्जनौं अन्तर ाष्ट्रिय संस्थाहरूबाट सदस्या फिर्ता लिन तत्काल कदम चाल्ने बताएको छ । राष्ट्रपति डोनाल्ड ट्रम्पले बुधबार हस्ताक्षर गरेको कार्यकारी आदेशले परिवार नियोजन र मातृ तथा नवजात स्वास्थ्यलाई समर्थन गर्ने संयुक्त राष्ट्र जनसंख्या कोष, जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र फ्रेमवर्क कन्भेन्सनको सचिवालयजस्ता निकायहरू रहेका छन् ।

आदेशमा सदस्यता फिर्ता लिने आदेशमा सहभागिता वा कोष रोक्ने जनाइएको छ भने राष्ट्रपति ट्रम्पले यी संस्थाहरूमा अमेरिकी संलग्नता अमेरिकी हितको विपरीत रहेको तर्क गरेका छन् । यस निर्णयप्रति प्रतिक्रिया दिँदै संयुक्त राष्ट्रसंघीय जलवायु सम्मेलनका कार्यकारी सचिव साइमन स्टिलले जलवायु सहयोगबाट पछि हट्ने निर्णयले अमेरिकी अर्थतन्त्रलाई नोक्सान पुग्ने चेतावनी दिएका छन् । संयुक्त राष्ट्र जलवायु परिवर्तन र पेरिस सम्झौता दुवैलाई आकार दिन अमेरिकाले केन्द्रीय भूमिका खेलेकोसमेत उनले बताएका छन् ।

स्टिलले जलवायु सहयोग फिर्ता लिनुले अमेरिकी अर्थव्यवस्था, रोजगारी र जीवनस्तरलाई क्षति पुऱ्याउने उल्लेख गर्दै जंगली आगो, बाढी र गम्भीर आँधीबेहरीले अमेरिकीहरूका लागि ऊर्जा, खाना, यातायात र बिमा लागतहरू बढाउने बताएका छन् ।

जलवायु सम्मेलनको सचिवालयले अन्तर्राष्ट्रिय सहयोगबाट विश्वव्यापी देशहरूलाई फाइदा पुऱ्याउन काम गर्न जारी राख्ने कुरामा जोड दिँदै उनले संयुक्त राज्य अमेरिकाको लागि भविष्यमा फर्कने ढोका खुला रहने बताएका छन् । अमेरिकी निर्णयबाट प्रभावित अन्य संयुक्त राष्ट्रसंघका निकायहरूमा दिगो विकासमा अन्तर्राष्ट्रिय सहयोगलाई समर्थन गर्ने आर्थिक र सामाजिक मामिला विभाग र पानी र सरसफाइका सवालहरू समावेश छन् । *रासस/क्युएनए*

# सन् २०२५ मा समुद्रबाट रेकर्ड ताप अवशोषित

**ब्रेस्ट (फ्रान्स)–** विश्वका महासागरहरूले सन् २०२५ मा अहिलेसम्मकै उच्च मात्रामा ताप अवशोषित गरेको तथ्य वैज्ञानिकहरूको एक अन्तर ाष्ट्रिय टोलीले सार्वजनिक गरेको छ । विज्ञहरूका अनुसार यसले समुद्री सतहको वृद्धि, शक्तिशाली आँधीबेहरी र कोरल नष्ट हुने जोखिमलाई अझ तीव्र बनाएको छ ।

अध्ययनअनुसार सन् २०२५ मा महासागरमा जम्मा भएको अतिरिक्त ताप करिब २३ जेटाजुलले बढेको छ । यो झण्डै चार दशकको विश्वव्यापी प्राथमिक ऊर्जा खपतको बराबर हो । यो तथ्य 'एडभान्सेस इन एटमोस्फेरिक साइन्सेज' नामक वैज्ञानिक जर्नलमा प्रकाशित गरिएको छ । आधुनिक रेकर्ड राख्न सुरु गरिएको सन् १९५० को दशकयताकै सबैभन्दा उच्चस्तरको महासागरीय ताप रहेको अध्ययनले देखाएको छ ।

यो निष्कर्ष निकाल्न विश्वका ३१ अनुसन्धान संस्थामा आबद्ध ५० भन्दा बढी वैज्ञानिकले विभिन्न स्रोतको प्रयोग गरेका थिए । तीमध्ये हजारौं फ्लोटिङ रोबोटहरू पनि रहेका छन्, जसले समुद्रको सतहदेखि करिब दुई हजार मिटर गहिराइसम्म तापक्रम र अन्य परिवर्तनहरू निरन्तर मापन गर्छन् ।

अध्ययनकी सहलेखक तथा फ्रान्सेली अनुसन्धान संस्था मर्केटर ओसन इन्टरनेसनलकी समुद्रविद् करिना भोन सकम्यानका अनुसार सतहभन्दा गहिराइमा केन्द्रित अध्ययनले मानव गतिविधिबाट उत्सर्जित हरितगृह ग्यासका कारण महासागरमाथि परिरहेको 'निरन्तर दबाब' लाई अझ स्पष्ट रूपमा देखाउँछ । उनले भने, 'तस्बिर एकदमै स्पष्ट छ । सन् २०२५ का नतिजाले समुद्रको तापक्रम निरन्तर बढ्दै गएको पुष्टि गर्छ ।'

महासागर पृथ्वीको जलवायु प्रणालीका प्रमुख नियामक मानिन्छन्, किनकि मानवले कार्बन डाइअक्साइडजस्ता हरितगृह ग्यास उत्सर्जन गर्दा वायुमण्डलमा जम्मा हुने अतिरिक्त तापमध्ये करिब ९० प्रतिशत महासागरले नै अवशोषण गर्छन् । तर यही अतिरिक्त ऊर्जाले गम्भीर प्रभावहरू पनि निम्त्याइरहेको छ ।

तातो महासागरले वायुमण्डलमा आर्द्रता बढाउँछ, जसले उष्णकटिबन्धीय चक्रवात र विनाशकारी वर्षालाई थप शक्तिशाली बनाउँछ । पानी तातिँदा फैलिने भएकाले समुद्री सतहको स्तर बढ्ने प्रक्रियामा पनि यसले प्रत्यक्ष योगदान पुऱ्याउँछ । साथै, उष्णकटिबन्धीय समुद्री चट्टानहरूमा रहेका कोरलहरू लामो समयसम्म चल्ने समुद्री गर्मी छालका कारण नष्ट हुने अवस्थामा पुगेका छन् ।

भोन सकम्यानले भने, 'जबसम्म पृथ्वीले ताप जम्मा गर्न जारी राख्छ, महासागरको ताप बढिरहने छ, समुद्री सतह उकासिने छ र नयाँ-नयाँ रेकर्डहरू कायम हुँदै जाने छन् ।'

अध्ययनले महासागरको तापक्रम सबै क्षेत्रमा समान नभएको पनि देखाएको छ । केही क्षेत्रहरू अन्यभन्दा छिटो तातिरहेका छन् । सन् २०२५ मा उष्णकटिबन्धीय महासागर, दक्षिण अटलान्टिक, भूमध्यसागर, उत्तरी हिन्द महासागर र दक्षिणी महासागरले रेकर्ड मात्रामा ताप अवशोषित गरेका थिए ।

यद्यपि सन् २०२५ मा औसत समुद्री सतहको तापक्रम अघिल्ला वर्षको तुलनामा केही घटेको देखिए पनि यो अझैसम्म मापन गरिएका तेस्रो-उच्चतम स्तरमै रहेको अध्ययनले जनाएको छ । वैज्ञानिकहरूका अनुसार यो कमी सन् २०२३-०२४ मा देखिएको शक्तिशाली 'एल निनो' ताप प्रभावबाट 'ला निन्या' प्रकारको अवस्थातर्फको संक्रमणसँग सम्बन्धित हो, जसले समुद्री सतहलाई अस्थायीरूपमा केही चिस्याउँछ । तर दीर्घकालीनरूपमा हेर्दा जीवाश्म इन्धनको अत्यधिक प्रयोगका कारण वायुमण्डलमा हरितगृह ग्यासको मात्रा बढिरहेकाले महासागर तातिने गति झनै तीव्र हुँदै गएको छ । विज्ञहरूका अनुसार जबसम्म ग्लोबल वार्मिङलाई नियन्त्रणमा ल्याइँदैन, महासागरले हरेक वर्ष नयाँ रेकर्ड तोड्दै जाने छन् । भोन सकम्यानले चेतावनी दिँदै भने, 'अब जलवायु प्रणालीको सबैभन्दा ठूलो अनिश्चितता भौतिक विज्ञान होइन, मानवताले गर्ने छनोट हो ।' *रासस/एएफपी*

# अलेप्पोमा झडपपछि सिरियाद्वारा युद्धविराम घोषणा

**अलेप्पो (सिरिया)–** उत्तरी सिरियाली सहर अलेप्पोमा सरकारी सेना र कुर्दिश लडाकुहरूबीच तीन दिनसम्म चलेको भीषण झडपपछि सिरियाको रक्षा मन्त्रालयले शुक्रबार युद्धविरामको घोषणा गरेको छ । मन्त्रालयका अनुसार शेख मकसौद, अचराफिह र बानी जैद क्षेत्रहरूमा बिहान ३ बजेदेखि युद्धविराम लागू भएको हो ।

सरकारी विज्ञप्तिमा सशस्त्र समूहहरूलाई छ घण्टाभित्र ती क्षेत्र छाड्न निर्देशन दिइएको छ । क्षेत्र छाड्ने लडाकुहरूलाई आफ्ना व्यक्तिगत हल्का हतियार बोकेर जान अनुमति दिइने र उनीहरूलाई कुर्दिश नेतृत्वको सिरियन डेमोक्रेटिक फोर्स (एसडिएफ) को नियन्त्रणमा रहेको उत्तरपूर्वी क्षेत्रमा सुरक्षासहित पुऱ्याइने उल्लेख गरिएको छ ।

अलेप्पोका गभर्नर अजाम अल-घारिबले सुरक्षा बलका साथ रातभर विवादित क्षेत्रको निरीक्षण गर्नुभएको छ । तर एसडिएफतर्फबाट तत्काल कुनै औपचारिक प्रतिक्रिया आएको छैन र अलेप्पोमा रहेका कुर्दिश बलहरू सम्झौतामा सहमत भएका छन् वा छैनन् भन्ने अझै स्पष्ट छैन । सिरियाका लागि अमेरिकी विशेष दूत टम बाराकले सामाजिक सञ्जालमार्फत युद्धविरामको स्वागत गर्दै सिरियाली सरकार, एसडिएफ, स्थानीय अधिकारी र सामुदायिक नेताहरूले देखाएको संयम र सद्भावप्रति कृतज्ञता व्यक्त गरेका छन् । उनका अनुसार अमेरिकाले छ घण्टाको समयसीमाभन्दा बाहिर पनि युद्धविराम कायम राख्न सबै पक्षसँग काम गरिरहेको छ ।

मंगलबार गोलाबारी र ड्रोन आक्रमणबाट सुरु भएको झडपका कारण करिब एक लाख ४२ हजार मानिस विस्थापित भएका छन् । दुवै पक्षले एकअर्कामाथि हिंसा सुरु गरेको, नागरिक बस्ती, एम्बुलेन्स र अस्पतालजस्ता पूर्वाधारलाई जानाजानी लक्षित गरेको आरोप लगाएका छन् । कुर्दिश पक्षका अनुसार कुर्द बहुल क्षेत्रमा कम्तीमा १२ सर्वसाधारणको ज्यान गएको छ भने सरकारी अधिकारीहरूले सरकार नियन्त्रित क्षेत्रमा कम्तीमा नौ सर्वसाधारण मारिएको बताएका छन् । दुवै पक्षका दर्जनौं व्यक्ति घाइते भएका छन् तर लडाकू मृतकको यकिन विवरण सार्वजनिक भएको छैन ।

यो झडप केन्द्रीय सरकार र एसडिएफबीचको राजनीतिक वार्ता अवरुद्ध भइरहेका बेला भएको हो । अन्तरिम राष्ट्रपति अहमद अल-साराको नेतृत्वमा दमास्कस प्रशासनले गत वर्ष मार्चमा एसडिएफलाई सन् २०२५ को अन्त्यसम्म सिरियाली सेनामा समायोजन गर्ने सम्झौतामा हस्ताक्षर गरेको थियो, तर त्यसको कार्यान्वयन प्रक्रियामा अझै सहमति जुट्न सकेको छैन । *रासस/एपी*


## साउदीमा रोजगार
कम्पनी : RAS AMBITION INTERNATIONAL CONTRACTING COMPANY LIMITED

पूर्व स्वीकृति मिति : २०८२/०९/२३ | LT. No. 336740 | चलानी नं. ६०२५०३६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 1 | 0 | 1000 | ३८,४३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ ३ गते (17th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११८२/०७३/७४

YUSHO GLOBAL PVT. LTD.
Pinglasthan-9, Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104

## साउदीमा रोजगार
कम्पनी : YOUSEF MOHAMMED MUBARAK AL- SAYEGH PRESIOUS METALS WORKSHOP

पूर्व स्वीकृति मिति : २०८२/०९/२४ | LT. No. 336803 | चलानी नं. ६०२५३६७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packaing & Package Worker | 10 | 0 | 1000 | ३८,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ ३ गते (17th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

ROVE INTERNATIONAL PVT.LTD.
Sukedhara, Opposite to Prime Bank Kathmandu, Nepal
T: +977-01-4586922 | E:- rove35@yahoo.com I w:-www.roveintl.com
Govt.Lic. No 1033/071/072

## ओमनमा रोजगार
कम्पनी : DUNES PETROLEUM TRADING & SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८२/०९/२५ | LT. No. 336851 | चलानी नं. ६०२५०३८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | A.C/refrigeration Mechanic | 4 | 0 | 180 | ६७,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Air Conditioning Mechanic Asst. | 4 | 0 | 180 | ६७,४७० | | | | | | | |
| 3. | Industrial Electrician | 8 | 0 | 180 | ६७,४७० | | | | | | | |
| 4. | Power Electrician | 7 | 0 | 180 | ६७,४७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ ४ गते (18th Jan. 2026) मा हुनेछ ।

साथै यस कम्पनीको लागि Civil Site Foreman, Electrician, Plumber, Painter, Block Mason, Tile Mason, Shuttering Carpenter, Steel Fitter को पनि माग भइ आएको हुँदा इच्छुक व्यक्तिहरूले सम्पर्क गर्नुहोला । Contact: 9815912512,9863400277,9841142488,9802698026

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Pari Overseas Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448, Mob: 9813231220, 9802313931, 9851135073, 9808265177, 9806594218, 9841191699, 9841142488, 9861252520, 9851050223, Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

## मलेसियामा रोजगार
कम्पनी : TEGAS SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०९/२५ | LT. No. 336821 | चलानी नं. ६०२५०३७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 70 | 0 | 1700 | ६०,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ ६ र ८ गते (20 & 22 Jan. 2026) मा हुनेछ । 9818104188
सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर, इटहरी, सुनसरीमा मिति: २०८२ माघ ७ गते (21st Jan. 2026) मा हुनेछ । 980271200/9805359150/9815341232

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

श्रम इजाजत नं. १२७५/०७४/७५
SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.(EVEREST GLOBAL RECRUITMENT SERVICE PVT LTD)
Sallaghari Marg, Bansbari, Kathmandu, Tel:-+977 4372262, 4375012/ 9818104188, Email:- bijay.skypowernepal@gmail.com

## युएइमा रोजगार
कम्पनी : HONESTY AND PERFECTION CLEANING SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८२/०९/२४ | LT. No. 336797 | चलानी नं. ६०२५०४२९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 70 | 0 | 1000 | ३९,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : APEX ALWATANIAH CATERING SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/२५ | LT. No. 317765 | चलानी नं. ६०२३१९३२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | COOK | 18 | 0 | 1400 | ५४,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Helpers | 20 | 0 | 900 | ३५,३२० | | | | | | | |
| 3 | Laundry Boy | 18 | 0 | 1100 | ४३,१७० | | | | | | | |
| 4 | Room Boy | 50 | 0 | 1000 | ३९,२४५ | | | | | | | |
| 5 | Tea Boy | 15 | 0 | 1100 | ४३,१७० | | | | | | | |
| 6 | Waiter | 23 | 0 | 1100 | ४३,१७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ ३ गते (17th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

## कतार/युएइमा रोजगार
कम्पनी : UNIQUE MULTIPURPOSE ENTERPRISE WLL

पूर्व स्वीकृति मिति : २०८२/०९/२४ | LT. No. 336774 | चलानी नं. ६०२५०३४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Carpenter | 2 | 0 | 1200 | ४७,१९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Pipe Fitter | 1 | 0 | 1200 | ४७,१९३ | | | | | | | |
| 3. | Office Cleaner | 4 | 3 | 1000 | ३९,३२८ | | | | | | | |
| 4. | Plumber General | 2 | 0 | 1200 | ४७,१९३ | | | | | | | |

कम्पनी : PROFILE RECRUITMENT - SOLE PROPRIETORSHIP L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०८/२४ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०९/२५ | LT. No. 314955 | चलानी नं. ६०२२९४४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker/Labour | 80 | 0 | 800 | ३१,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ ३ गते (17th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Munal Overseas Pvt. Ltd.
श्रम इजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4562046, 9806758605

## बहराइनमा रोजगार
कम्पनी : DELMON INTERNATIONAL HOTEL

पूर्व स्वीकृति मिति : २०८२/०९/२४ | LT. No. 336790 | चलानी नं. ६०२५०३४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव BD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bartender / Barman | 5 | 10 | 140 | ५३,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chef de Partie | 4 | 0 | 200 | ७६,४१५ | | | | | | | |
| 3. | Cook | 5 | 0 | 150 | ५७,३१२ | | | | | | | |
| 4. | Electrician (3Yr Experience) | 2 | 0 | 140 | ५३,४९० | | | | | | | |
| 5. | F&B Waiter | 5 | 10 | 140 | ५३,४९० | | | | | | | |
| 6. | Kitchen Steward /Bottlewasher | 5 | 0 | 120 | ४५,८४९ | | | | | | | |
| 7. | Masseurs | 0 | 5 | 130 | ४९,६७० | | | | | | | |
| 8. | Plumber-cum-Electrician | 2 | 0 | 150 | ५७,३१२ | | | | | | | |
| 9. | Receptionist | 0 | 3 | 150 | ५७,३१२ | | | | | | | |
| 10. | Room Boy/Housekeeper | 5 | 0 | 120 | ४५,८४९ | | | | | | | |
| 11. | Tailor | 1 | 0 | 160 | ६१,१३२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ ३ गते (17th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

श्रम इजाजत नं. १६४८/०७०/०७१
SECURE NEPAL JOB PLACEMENT PVT . LTD
Sinamangal-09, Tarahall chowk, Kathmandu, Nepal, Tel : 015919873, 015917974, Mob: 9851014874
E-mail: info@securenepaljobs.com, Website : www.securenepaljobs.com

## साउदी/युएइमा रोजगार
कम्पनी : STEADY ROUTES SUPPORT SERVICES COMPANY — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/२५ | LT. No. 331930 | चलानी नं. ६०२४५४३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 1 | 0 | 1800 | ६९,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : LARSEN & TOUBRO LIMITED ECC CONSTRUCTION GROUP ABU DHABI — शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८२/०६/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/२५ | LT. No. 331304 | चलानी नं. ६०२४५०९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Carpenter | 30 | 0 | 1300 | ४९,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Assistant Mason | 25 | 0 | 1300 | ४९,८८५ | | | | | | | |
| 3 | Asst. Steel Fixer | 25 | 0 | 1300 | ४९,८८५ | | | | | | | |
| 4 | Cleaner General | 5 | 0 | 1000 | ३८,३७५ | | | | | | | |
| 5 | Helper | 30 | 0 | 1000 | ३८,३७५ | | | | | | | |
| 6 | Office Boy | 2 | 0 | 1000 | ३८,३७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ ३ गते (17th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Pigeon International Overseas Pvt. Ltd
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम इजाजत नं. ३८४/०५९/०६०

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २६७८०० | प्रति तोला – ० | प्रति तोला – ४७८० |



**मुस्ताङको स्याउबारी** | मुस्ताङको घरपझोङ गाउँपालिका–२ मार्फा गाउँका स्याउ उत्पादक किसानले स्याउ बगैँचामा प्रयोग गर्न बोरामा ल्याएर राखेका मल र पात झरेका स्याउका बोटहरू । यतिबेला मुस्ताङका किसान स्याउको लागि मलजल, गोडमेल, रिङ खन्ने, आवश्यक काँटछाँट गर्न व्यस्त छन् । *तस्बिरः सुशीलबाबु थकाली / रासस*

राष्ट्र बैंक प्रतिवेदन सार्वजनिक

# चालु खाता र शोधनान्तर बचतमा विप्रेषण र मुद्रा सञ्चिति बढ्यो

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल राष्ट्र बैंकले देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदन सार्वजनिक गरेको छ । केन्द्रीय बैंकका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ को मङ्सिर मसान्तसम्ममा चालु खाता र शोधनान्तर बचतमा देखिएको छ भने विप्रेषण र मुद्रा सञ्चिति पनि उल्लेख्य रूपमा बढेको छ । अर्थतन्त्रका बाह्य सूचक सुविधाजनक अवस्थामा रहँदा राजस्व संकलन, बजेट खर्च तथा कर्जा विस्तार भने कमजोर देखिएको छ ।

प्रतिवेदनअनुसार वार्षिक विन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकांकमा आधारित मुद्रास्फीति एक दशमलव ६३ प्रतिशत रहेको छ । त्यस्तै यो अवधिसम्ममा कूल विदेशी विनिमय सञ्चिति रु ३२ खर्ब एक अर्ब ४७ करोड रहेको छ । अमेरिकी डलरमा उक्त सञ्चिति २२ अर्ब १३ करोड पुगेको छ । यस्तो सञ्चितिले १८ दशमलव २ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको राष्ट्र बैंकले जनाएको छ ।

समीक्षा अवधिमा चालु खाता रु तीन खर्ब ५८ अर्ब ८३ करोड र शोधनान्तर स्थिति रु चार खर्ब २१ अर्ब ८९ करोड बचतमा रहेको छ । पछिल्लो पाँच महिनामा विप्रेषण आप्रवाह नेपाली रूपैयाँमा ३५ दशमलव छ प्रतिशतले र अमेरिकी डलरमा २९ प्रतिशतले बढेको छ । चालु आर्थिक वर्षको मङ्सिर महिनासम्मको कूल विप्रेषण आप्रवाह रू आठ खर्ब ७० अर्ब ३१ करोड पुगेको छ भने मङ्सिर महिनामा मात्र रु एक खर्ब ८३ अर्ब १८ करोड विप्रेषण भित्रिएको छ ।

केन्द्रीय बैंकका अनुसार पछिल्लो पाँच महिनामा निर्यात ५८ दशमलव दुई प्रतिशतले र आयात १५ दशमलव ८ प्रतिशतले बढेको छ । यो अवधिमा नेपाल सरकारको खर्च रु पाँच खर्ब ६४ अर्ब ४६ करोड र राजस्व परिचालन रु चार खर्ब छ अर्ब ३० करोड रहेको छ । विस्तृत मुद्राप्रदाय तीन दशमलव सात प्रतिशतले बढेको छ । वार्षिक विन्दुगत आधारमा यस्तो मुद्राप्रदाय १२ दशमलव ९ प्रतिशतले बढेको हो ।

प्रतिवेदनअनुसार बैंक तथा वित्तीय संस्थाको निक्षेप परिचालन तीन दशमलव नौ प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जा एक दशमलव नौ प्रतिशतले बढेको छ । वार्षिक विन्दुगत आधारमा निक्षेपको वृद्धिदर १३ दशमलव ९ प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर छ दशमलव छ प्रतिशत रहेको छ ।

त्यसैगरी, बैंक तथा वित्तीय संस्थाबीचको भारित औसत अन्तर बैंक दर दुई दशमलव ७४ प्रतिशत र ९१ दिन अवधि भएको ट्रेजरी बिलको भारित औसत ब्याजदर दुई दशमलव ३७ प्रतिशत रहेको छ ।

वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर तीन दशमलव ६६ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर सात दशमलव २६ प्रतिशत रहेको छ ।

## खाद्य तथा पेय पदार्थको मूल्यवृद्धि ऋणात्मक

**काठमाडौं (प्रस)–** खाद्य तथा पेय पदार्थको मूल्यवृद्धि ऋणात्मक देखिएको छ । नेपाल राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८२/८३ को मङ्सिर मसान्तसम्मको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार मङ्सिरमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति एक दशमलव ६३ प्रतिशत रहेको छ ।

अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति छ दशमलव ०५ प्रतिशत रहेको थियो । गत मङ्सिर महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति दुई दशमलव ०५ प्रतिशतले ऋणात्मक रहेको छभने गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति तीन दशमलव ७५ प्रतिशत रहेको छ ।

पछिल्लो पाँच महिनाको औसत मुदास्फीति एक दशमलव ५५ प्रतिशत रहेको पनि केन्द्रीय बैंकले जनाएको छ । अघिल्लो वर्षको सोही अवधिको औसत मुद्रास्फीति चार दशमलव ८९ प्रतिशत रहेको थियो । मङ्सिरमा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत घ्यू तथा तेल उपसमूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक पाँच दशमलव ५२, गैरमदिराजन्य पेय पदार्थको तीन दशमल्व ५६ र दुग्ध पदार्थ तथा अण्डाको दुई दशमलव ४४ प्रतिशतले बढेको छ ।

तरकारी उपसमूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक आठ दशमलव ५४, मरमसलाको आठ दशमलव ४३ र दाल तथा गेडागुडीको पाँच दशमलव ७९ प्रतिशतले घटेको छ । गैरखाद्य तथा सेवा समूहअन्तर्गत विविध वस्तु तथा सेवा उपसमूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक १८ दशमलव ५६, शिक्षाको सात दशमलव ५६, कपडाजन्य तथा जुत्ताचप्पलको पाँच दशमलव २९, सुर्तीजन्य पदार्थको चार दशमलव १५ र मदिराजन्य पेय पदार्थको तीन दशमलव ८५ प्रतिशतले बढेको छ । बीमा तथा वित्तीय सेवा उपसमूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक शून्य दशमलव २३ प्रतिशतले घटेको छ ।

मंसिर महिनामा ग्रामीण क्षेत्रको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक एक दशमलव ०९ प्रतिशतले र सहरी क्षेत्रको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक एक दशमलव ८३ प्रतिशतले बढेको छ ।

प्रदेशगत रूपमा हेर्दा कोशी प्रदेशको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति दुई दशमलव ५४, मधेस प्रदेशको दुई दशमलव ०१, बागमती प्रदेशको एक दशमलव ४८, गण्डकी प्रदेशको एक दशमलव ०८, लुम्बिनी प्रदेशको एक दशमलव ६७, कर्णाली प्रदेशको एक दशमलव ०९ र सुदूरपश्चिम प्रदेशको शून्य दशमलव ४० प्रतिशत रहेको छ ।

त्यस्तै, काठमाडौं उपत्यकाको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति एक दशमलव ९५ प्रतिशत र तराईको एक दशमलव ७१ प्रतिशत रहेको छ ।

# 'नीति निर्माणका लागि स्वदेशमै तथ्यांक उत्पादन आवश्यक'

■ प्रभाव संवाददाता



**काठमाडौं–** अर्थमन्त्री रामेश्वर खनालले राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको गरिबीको लघुक्षेत्र अनुमान प्रतिवेदन तथा 'नेशनल ट्रान्सफर एकाउण्ट' प्रतिवेदनले नीति निर्माणमा महत्वपूर्ण आधार प्रदान गर्ने बताएका छन् ।

शुक्रबार आयोजित सार्वजनिक कार्यक्रममा बोल्दै अर्थमन्त्री खनालले 'नेशनल ट्रान्सफर एकाउण्ट' सबैका लागि नयाँ प्रकारको तथ्यांक भएको उल्लेख गर्दै यो केही समयदेखि पेन्डिङमा रहेको बताए । उनले आवश्यक तथ्यांकको अभावमा प्रभावकारी नीति निर्माण गर्न कठिन हुने भन्दै तथ्यांक उत्पादनमा राष्ट्रिय तथ्यांक कार्यालयले नेतृत्वदायी भूमिका खेल्नुपर्नेमा जोड दिए ।

'यस्ता राष्ट्रिय महत्वका नीति निर्माणका लागि आवश्यक तथ्यांक हामी आफैं आत्मनिर्भर भएर नेपालमै तयार गर्नुपर्छ,' उनले भने । यसअघि राष्ट्रिय आर्थिक तथ्यांक जापान सरकारको सहयोगमा तयार गरिएको स्मरण गर्दै उनले अब स्वदेशमै क्षमता विकास गरेर तथ्यांक उत्पादन गर्नुपर्ने आवश्यकता औंल्याए ।

उनले भने, 'नेशनल ट्रान्सफर एकाउण्ट' हामी सबैको लागि नयाँ तथ्यांक हो । यो केही समयदेखि पेन्डिङमा रहेछ । तथ्यांक भयो भने असल नीतिहरू निर्माण गर्न सक्दैनौं । क्षमता विकास गर्नको निम्ति राष्ट्रिय तथ्यांक कार्यालयले नेतृत्व भूमिका खेल्नेछ । यस्ता किसिमका राष्ट्रिय महत्वका नीति निर्माण गर्नुपर्ने आवश्यक तथ्यांकहरू हामी आफैं आत्मनिर्भर भएर नेपालमै निर्माण गर्नुपर्छ भन्ने क्रममा राष्ट्रिय आर्थिक तथ्यांक यो भन्दा अगाडि जापान सरकारको सहयोगमा गरिएको रहेछ ।'

अर्थमन्त्री खनालले विकास योजनाको कार्यान्वयन र नीतिगत सुधारका लागि आवश्यक तथ्यांक तयार गर्ने सामर्थ्य राष्ट्रिय तथ्यांक कार्यालयले बढाउँदै लैजानुपर्ने बताए । साथै, कार्यालयको क्षमता विकासका लागि आवश्यक स्रोत साधन उपलब्ध गराउन सरकार सधैं प्रतिबद्ध रहने पनि उनले स्पष्ट पारे ।

उनले भने, 'हामीले सम्पन्न गर्नुपर्ने र नीतिगत सुधार गर्नुपर्ने विकास योजनाका निम्ती तयार गर्नुपर्ने तथ्यांकहरू तयार गर्ने सामर्थ्य निर्माण गर्दै राष्ट्रिय तथ्यांक कार्यालयले जानुपर्छ । यहाँहरूको सामर्थ्य विकास गर्नको निम्ती आवश्यक पर्ने स्रोतको निम्ती हामी सधैं प्रतिबद्ध छौं ।'

# किवी बिक्री नभएपछि जुस उत्पादन

**ढोरपाटन (बागलुङ)** – ताराखोला गाउँपालिकाका महिलाले किवीको जुस उत्पादन गर्न थालेका छन् । महँगो मूल्यमा बिक्री हुने आसमा पाँच वर्ष अगाडि महिलाहरूले गाउँका बारीभरि किवी लगाए पनि अहिले बजार पाउन नसक्दा जुस बनाउन थालेका हुन् । उत्पादन बढी भए पनि बजार अभावमा लाखौँको किवी खेर जानबाट रोक्न जुस बनाउन सुरु गरेका हुन् ।

ताराखोला गाउँपालिका-३ स्थित हिलगाउँमा पँधेराखोला अस्तुरी कृषि समूहका महिलाले बारीमा लगाएको किवी लटरम्म फलेपछि उत्साहित थिए । तर उत्पादनअनुसारको माग नआउँदा उनीहरू चिन्तित छन् । सामान्य मात्रामा नजिकको गलकोट, बागलुङलगायतका बजारमा पठाउने गरेको समूहकी सदस्य देउकुमारी रोकामगरले बताइन् ।

दुई वर्ष अगाडिबाटै बारीमा लटरम्म किवी फल्न थालेको भन्दै बजारको समस्याले गर्दा आफूहरू मर्कामा पर्ने अवस्था रहेको उनले सुनाइन् । यस वर्षमात्रै एक हजार बढी बोतल जुस उत्पादन गरिसकेको उनको भनाइ छ । दुई सय ५० मिलीलिटर र आधा लिटरका बोतलमा जुस प्याकेजिङ गरेर अहिले बजारमा ल्याएको रोकामगरले बताइन् ।

उनले भनिन्, 'किवीको माग धेरै हुने र पैसा पनि राम्रो पर्छ भन्ने सुनेका थियौं, धेरैले पनि राम्रो हुन्छ भन्नुभयो र बारीभरि किवी लगायौं, तर अहिले सोचेजस्तो भएन, बजार पाउनै गाह्रो छ, पाए पनि उचित मूल्य पाउन सकेका छैनौं, यस वर्ष जुस बनाउने भनेर सुरु गरेका छौं, माग कस्तो आउँछ ?, परीक्षणमै छौं, बजार पायो भने हाम्रो जीविकोपार्जनमा सहज हुने थियो ।'

समूहकी कोषाध्यक्ष भवी रोकामगरले अहिले सिङगुजी कृषि उपज प्रशोधन केन्द्रमार्फत किवीको जुस बनाउन लागिएको बताइन् । ताराखोला गाउँपालिकाले सात दिनको तालिम दिएपछि जुस उत्पादन गर्न थालेको उनको भनाइ छ । उत्पादनलाई बजारीकरण कसरी गर्ने भन्ने मुख्य चुनौती रहेको भन्दै स्थानीय सरकारले थप सघाउने पर्ने रोकामगरले सुनाइन् । अहिलेसम्म आफूहरूले दशौं लाख लगानी गरिसकेका उनको भनाइ छ । स्वास्थ्यका लागि उपयोगी मानिने विकी जुस तयारी भएपछि बढीमा १८ महिनासम्म भण्डारण गर्न मिल्ने गरी प्राविधिक व्यवस्थापन गरिएको छ । गाउँपालिकाले रु तीन लाखमा जुस पेल्ने मेसिन दिएको अध्यक्ष धनबहादुर विकले बताए । ताराखोलामा किवीखेतीको ठूलो सम्भावना रहेकाले त्यसका लागि किसानलाई प्रोत्साहित गर्ने काम गर्दै आइरहेको उनको भनाइ छ । *रासस*

# पहिचान र इतिहास जोड्दै 'जुँगे काजी रम'

■ प्रभाव संवाददाता

**काठमाडौं–** १८औं शताब्दीमा सामन्ती शासनसँग लड्दै आफ्नै पहिचान र आत्मसम्मानका लागि खडा भएका काजी रमको कथाबाट प्रेरित भएर तयार गरिएको नयाँ नेपाली रम ब्रान्ड 'जुँगे काजी रम' औपचारिक रूपमा सार्वजनिक गरिएको छ ।

ब्रान्ड निर्माणकर्ताका अनुसार, जुँगे काजी रम केवल मदिराको नयाँ उत्पादन मात्र होइन, यो नेपालका पुराना ऐतिहासिक कथाहरूलाई आधुनिक युगमा पुनर्जीवित गर्ने सांस्कृतिक प्रयास पनि हो ।

कम्पनीले एक विज्ञप्ति जारी गर्दै भनेको छ, 'कथा एक हजुरआमाको पुरानो सम्झनाबाट सुरु हुन्छ–कालो भादगाउँले टोपी सुम्सुम्याउँदै आफ्नै बुवाको तस्बिर नियाल्नेबेला पुनर्जीवित हुने इतिहास ।

त्यही इतिहासमा एउटा महत्वपूर्ण पात्र थिए काजी रम, जसले जहाँनिया शासनको कठोरता, बोली-व्यवहारमा लगाइएका




प्रतिबन्ध र अन्यायविरुद्ध आफ्नो विवेक जागृत गर्दै शासनको सेवा त्यागेका थिए ।

विदेशी मदिरा गाउँ-गाउँ पस्दै गर्दा काजीले स्थानीय पहिचान र संस्कृतिमाथि खतरा बढ्दै गएको महसुस गरे । त्यसपछि उनले रैथाने ज्ञान र स्थानीय स्रोत-साधन प्रयोग गरेर आफ्नै शैलीको मदिरा बनाउन थाले ।

वर्षौंको अभ्यास र परिश्रमपछि उनले तयार गरेको मिश्रण नै आज 'जुँगे काजी रम'को प्रेरक पृष्ठभूमि बनेको बताइन्छ ।

ब्रान्डका प्रतिनिधिहरूका अनुसार, काजी रम केवल ऐतिहासिक पात्र मात्र होइन, नेपालीपन, आत्मसम्मान, कठिनाइसँग लड्ने शक्ति र मौलिक पहिचानको प्रतीक हुन् ।'

'जुँगे काजी रम'ले यी सबै मूल्यलाई आधुनिक उत्पादनमा उतार्ने प्रयास गरेको छ । अब यो उत्पादनले नेपाली रैथाने कथालाई बजारमा नयाँ प्रकारले प्रस्तुत गर्ने अपेक्षा गरिएको छ ।

ब्रान्डको प्रमोशनमा काजीको संघर्ष, पहिचानको रक्षा, र स्थानीय उत्पादनको गर्वलाई आफूभित्र समेटिएको सन्देश दिइएको छ ।

समयसँगै काजी रमको कथा इतिहासमा ओझेल पर्न थाले पनि, अहिले यही कथालाई पुनर्जीवित गर्दै नयाँ पुस्तामा प्रेरणाको स्रोत बनाउन ब्रान्डको उद्देश्य रहेको बताइन्छ ।

'यो केवल रम होइन, नेपाली इतिहासको एउटा अधूरो सपना बोकेको ब्रान्ड हो,' उत्पादक कम्पनीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१–४३७३५७७, ०१–४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ